नेपाल सरकार

गृह मन्त्रालय

# राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग

सिंहदरबार, काठमाडौं

## राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको सूचना

राष्ट्रिय परिचय व्यवस्थापन सूचना प्रणालीमा विवरण दर्ता गरेको तर राष्ट्रिय परिचय नम्बर नपाएका वा आवेदन फाराम हराएका व्यक्तिले देहायको पोर्टलमा आफ्नो विवरण पेश गरी राष्ट्रिय परिचय नम्बर तथा परिचयपत्रको अवस्थाको बारेमा जानकारी लिनुहुन अनुरोध छ।

**क) विवरण दर्ता गरेपछि जारी गरिएको आवेदन फाराम भएका तर राष्ट्रिय परिचय नम्बर प्राप्त भईनसकेका नागरिकको हकमाः**

http://citizenportal.donidcr.gov.np मा गई आफ्नो आवेदन फाराममा रहेको आवेदन नम्बर प्रविष्टि गरी राष्ट्रिय परिचय नम्बर तथा परिचयपत्रको अवस्था थाहा पाउन सकिने छ। यदि आवेदनको स्थिति **स्वीकृत (APPROVED)** भएमा नागरिकहरूले आफ्नो राष्ट्रिय परिचय नम्बर सुरक्षित राख्नु पर्नेछ। कार्ड छपाई भए पश्चात वितरणको लागि SMS मार्फत सुचित गरिनेछ।

**ख) विवरण दर्ता गरेका तर आवेदन फाराम हराएका वा आवेदनको स्थिति रूजु हुने क्रममा (INPROGRESS), अस्वीकृत (NOT APPROVED), नभेटिएको (NOT FOUND) भएका नागरिकको हकमाः**

http://nidsms.donidcr.gov.np वा http://202.70.80.21 मा गई सम्बन्धित व्यक्तिको नागरिकताको अगाडि र पछाडिको दुबै भागको स्पष्ट बुझिने फोटो खिची उक्त फोटो र मोवाईल नम्बर प्रविष्टि गरी पेश गर्नु पर्नेछ। यसरी पेश भएको विवरणलाई यकिन गरी विभागले निजको राष्ट्रिय परिचयपत्र सम्बन्धी आवेदनको स्थिति, राष्ट्रिय परिचय नम्बर, राष्ट्रिय परिचयपत्रको स्थिति वा अन्य आवश्यक जानकारी प्रविष्ट गरिएको मोवाईल नम्बरमा SMS मार्फत जानकारी गराउनेछ। फाराम भर्दा प्राप्त हुने अनुरोध नम्बरबाट व्यक्ति स्वयंले पनि आफ्नो अनुरोधको बारेमा भएको प्रगतिको जानकारी पाउन सक्नेछ।

माथि उल्लिखित वेभसाइटहरूबाट समेत राष्ट्रिय परिचय नम्बर तथा परिचयपत्रको अवस्था थाहा पाउन नसकिएमा तपसिल बमोजिमको नम्बरमा सम्पर्क गरी सेवा लिन सकिने व्यहोरा जानकारीका लागि अनुरोध छ।

**तपसिलः-**

१. फोन नम्बरहरुः
- ०१-४२०००१४
- ०१-४२११५६३
- ०१-४२००८९४

२. टोल फ्रि नम्बर:
- १६६००१९६६६६